मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा हरि नाथको हकमा पुनरावेदन गरिएका आधारहरु
१	बसन्त मल्ल समेत (वि.अ. को मु.नं. ०७७-CR-००९०), वि.अ. को फैसला मिति २०८०।११।१०	भष्ट्राचार (रकम हानी नोक्सानी समेत	प्रतिवादीहरु मध्येका बसन्त मल्ल, मधुवन लाल श्रेष्ठ, मधुरलाल सिन्या, रिता वादे श्रेष्ठ, छविरमण अधिकारी, भरतकाजी श्रेष्ठ र लोकेन्द्रमान कर्माचार्यले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालना गर्दा सार्वजनिक संस्थाको सम्पत्ति बदनियत तथा लापरवाही गरी रु. २९,७९१,८९७।४७ (दुई करोड सन्तानब्बे लाख एकानव्वे हजार आठ सय सन्तानव्वे रुपैया सैतालिस पैसा) हिनामिना तथा हानि नोक्सानी गरेको कुरा पुष्टि हुन आएको र उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुरुपको कसुर भएको हुँदा निज प्रतिबादीहरुलाई निजहरुले हिनामिना गरेको सार्वजनिक संस्थाको सम्पत्तिको विगो रु.२९,७९१,८९७।४७ (दुई करोड सन्तानब्बे लाख एकानव्वे हजार आठ सय सन्तानव्वे रुपैया सैतालिस पैसा) ऐ.दफा १७ बमोजिम नेपाल क्रेडिट एण्ड कमर्स बैक लि.लाई भरी उक्त दफा १७ मा उल्लेख भएबमोजिम उक्त ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना गरी दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैद समेत गरी पाउन मागदावी लिएकोअवस्था छ । प्रतिवादी मध्येका सुरज श्रेष्ठ र राजु पोखरेलले धितोको मूल्यांकन गरी प्रतिबेदन दिँदा बदनियतपूर्वक भएगरेका कुरा लुकाई	विशेष अदालतले गरेको फैसलाको संक्षिप्त व्यहोरा :- प्रस्तुत मुद्दामा विशेष अदालत काठमाण्डौवाट फैसला हुँदा प्रतिवादीहरुले आरोपदावीवाट सफाई पाउने ठहर गरी फैसला भएको अवस्था छ । विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरी फैसला भएको र फैसला गर्दा निम्न आधारहरु लिएको देखिन्छ :- प्रस्तुत मुद्दामा ऋण प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थामा नागरीक लगानी कोषको लगानी रहेता पनि सो कोषको के कति रकम हिनामिना भएको वा क्षति पुगेको हो भन्ने स्पष्ट आरोपदावी रहेको नदेखिएको । ऋण प्रवाह गर्दा प्रतिवादीहरुको बदनियत रहेको भन्ने आरोपदावी मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि हुन आएको नदेखिएको ऋण प्रवाहको कैफियत एवम् ऋण असूलीका सम्बन्धमा यिनै प्रतिवादीहरु समेत उपर सक्षम अदालतमा मुद्धाहरु बिचाराधिन रहेको तथा कतिपय मुद्दामा ऋण असूली न्यायाधिकरणबाट फैसला समेत भई ऋण असूली प्रक्रियामा रहेको देखिएको र सो ऋण प्रवाह गर्दा प्रतिवादीहरुको बदनियत रहेको भन्ने आरोपदावी मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि हुन आएको नदेखिएको	विशेष अदालतको फैसला उपर प्रतिवादीहरुको हकमा पुनरावेदन गर्ने आधार: प्रस्तुत मुद्दामा, साविक रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. दरबारमार्ग शाखाबाट मिति मिति २०७०/०३/२५ गते हजुरको हार्डवेयर पसलका संचालक मुकुन्द प्रसाद पराजुलीलाई व्यापारीक कर्जा शीर्षकमा कर्जा प्रवाह गर्दा धितोस्वरुप पेश गरेको जग्गाको अधिक मूल्याङ्कन गरी गराई सार्वजनिक संस्थाको सम्पति लापरवाही तथा बदनियत गरी हिनामिना तथा हानि नोक्सानी गरी गराई सार्वजनिक संस्थालाई एन. सि. सि. बैंकको च.नं. ५८/०७७-७८ मिति २०७७।०८।२५को पत्रानुसार सावाँ रु.१९,१५८,०१५।९४ तथा व्याज रु.१,०६,३३,८८१।५३ जम्मा रु.२९,७९१,८९७।४७ (दुई करोड सन्तानब्बे लाख एकानव्वे हजार आठ सय सन्तानव्वे रुपैया सैतालिस पैसा) नोक्सान पुऱ्याएको भन्ने देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुर्टिपूर्ण भई बदरभागी रहेको छ । प्रतिबादी मध्येका बसन्त मल्ल, मधुवन लाल श्रेष्ठ, मधुरलाल सिन्या, रिता वादे श्रेष्ठ, छविरमण अधिकारी, भरतकाजी श्रेष्ठ र लोकेन्द्रमान कर्माचार्यको हकमा हेर्दा यी प्रतिबादीहरु साविक रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.का संचालक समितिका सदस्य रहेका देखिन्छन् । साविक रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. दरबारमार्ग शाखाबाट प्रवाह भएका अधिकांश कर्जाहरुमा कर्जा प्रवाह सम्बन्धी न्यूनतम मापदण्डहरु समेत नअपनाई अनियमित तवरले कर्जा प्रवाह भएको, मर्जरमा जाने सहमती पत्रमा हस्ताक्षर गरेपश्चात लापरबाही ढंगबाट अस्वभाविक रुपमा ठूलो मात्रामा कर्जा प्रवाह गरेको, संचालकहरु, नि. कार्यकारी अधिकृत, शाखा प्रबन्धक, व्यवस्थापन समितिमा रहेका पदाधिकारीहरु, धितोको स्थलगत निरीक्षण गर्ने कर्मचारीहरु एवं धितो मूल्याङ्कनकर्ता र ऋणीले एकापसमा मिलेमतो गरी हजुरको हार्डवेयर पसल ऋणी रहेको र मुकुन्द प्रसाद पराजुली संचालक रहेको उक्त ऋणीलाई कर्जा प्रवाह जग्गा रोक्का मिति २०७०/०३/२७ मा भएको कर्जा सिफारिस मिति २०७०/०३/२८ मा

मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

			छिपाई नभएको कुरा देखाई गतल प्रतिबेदन दिएको कुरा पुष्टि हुन आएको र निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर हुँदा निजहरुलाई सोही दफा बमोजिम सजाय गरी पाउन तथा प्रतिबादी मध्येका मुकुन्द प्रसाद पराजुली र प्रदिप बहादुर कर्माचार्यले प्रतिबादीहरु बसन्त मल्ल, मधुवन लाल श्रेष्ठ, मधुरलाल सिन्या, रितावादे श्रेष्ठ, छविरमण अधिकारी, भरतकाजी श्रेष्ठ र लोकेन्द्रमान कर्माचार्यको मत सल्लाहमा लागि सार्वजनिक संस्थाको सम्पत्तिको बदनियत तथा लापरवाही गरी हिनामिना तथा हानि नोक्सानी गर्ने कार्यमा संलग्न भएको कुरा पुष्टि हुन आएको र उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार हुने कसुर भएकोले प्रतिबादी प्रदिप बहादुर कर्माचार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम ऐ दफा १७ बमोजिम दावी लिईएका कसुरदारलाई हुने सजायको आधा सजाय तथा मुकुन्द प्रसाद पराजुलीले सार्वजनिक संस्थाबाट ऋण रकम लिई लाभ समेत लिएको देखिँदा निजलाई ऐ. दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम ऐ. दफा १७ अनुसारको कसुर गर्ने प्रतिबादी सरह नै सजाय गरी पाउन मागदावी लिईएको अवस्था छ।	हुँदा सबै प्रतिवादीहरुले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ।	भएको तर कर्जाको स्वीकृत संचालक समितिको बैठक नं. १९२ मिति २०७०/०३/२५ मै भएकोले विना धितो तथा सिफारिस कर्जा स्वीकृत भएको, ऋणीको व्यवसाय नवीकरण नभएको, वित्तीय विवरण र कर चुक्ता प्रमाणपत्र फाईलमा नभेटिएको, स्टक तथा रिसिभेवलको हाईपोथिकेसन तमसुक नभएको, व्यवसायिक सामानको बीमा नगरिएको तथा व्यवसाय निरीक्षण प्रतिवेदन नभएकोले व्यवसाय संचालनमा रहेको विश्वसनीय आधार नभएको, धितो मूल्यांकन प्रतिवेदन फाइलमा नभेटिएको, प्रारम्भिक मूल्यांकनको आधारमा कर्जा प्रवाह भएको, धितोस्वरुप जग्गाको अधिक मूल्यांकन गरिएको, कमसल धितोलाई अधिक मूल्यांकन गर्ने व्यावसाय नवीकरण नभएको, कर चुक्ता प्रमाणपत्रमा नोक्सान देखिएको, ऋणीको नरहे नभएको वित्तीय विवरणको आधारमा, धितो अयोग्य जग्गालाई धितोमा मूल्याङ्कन गर्ने तथा राजमार्ग मापदण्डमा पर्ने जग्गाको सो मापदण्डमा पर्ने जग्गा नछुट्टाई पूरै जग्गा मूल्याङ्कन गर्ने तथा कमसल धितोलाई अधिक मूल्याङ्कन गर्ने, कार्यालयमै बसी उपत्यका बाहिरको धितो मूल्याङ्कन प्रतिवेदन तयार गर्ने, स-साना टुक्रामा जग्गाहरु खरीद गर्न लगाई कर्जा बढाउने, ऋणीको एकल धनजमानीमा कर्जा तमसुक तयार गर्ने, एकै दिनमा कर्जा निवेदन, धितो निरीक्षण, जग्गा खरीद, रोक्का, कर्जा जोखिम विभागको प्रतिवेदन, कर्जा सिफारिस, कर्जा स्वीकृति गरी कर्जा प्रवाह गर्ने, कर्जा नियमित बनाउन प्रक्रिया नपुगेको अवस्थामा नवीकरण गर्ने समेतको कर्जा दुरुपयोगको कार्य गरेको भन्ने समेत व्यहोराको नेपाल राष्ट्र बैंक, बैंक सुपरीवेक्षण बिभागका कार्यकारी निर्देशक महेश्वर लाल श्रेष्ठले प्रहरी केन्द्रीय अनुसन्धान व्यूरोमा दिएको पत्र जाहेरीबाट समेतबाट देखिरहेको अवस्थामा मिसिल संलग्न प्रमाण कागजको मूल्यांकनलाई अन्देखा गरी भएको विशेष अदालतको फैसला त्रुर्टिपूर्ण भई वदरभागी छ । प्रतिबादीहरु बसन्त मल्ल, मधुवन लाल श्रेष्ठ, मधुरलाल सिन्या, रिता वादे श्रेष्ठ, छविरमण अधिकारी, भरतकाजी श्रेष्ठ र लोकेन्द्रमान कर्माचार्यको सावित रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.का संचालक समितिका सदस्य रहेका देखिन्छन् । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को २२ को उपदफा (२)ले बैंक वा वित्तीय संस्थाको समग्र जोखिम व्यवस्थापन गरी निक्षेपकर्ता, ग्राहकवर्ग तथा सर्वसाधारण शेयरधनीको हितमा बैंक वा वित्तीय संस्थाको सञ्चालन गर्ने समेतको कर्तव्य सञ्चालक समितिको हुने व्यवस्था

मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

					गरेको पाईन्छ भने रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.को कर्जा नीति, २०६७ को दफा १९ को उपदफा (५) ले रु.१५० लाखभन्दा बढीको कर्जा स्वीकृति संचालक समितिले मात्र गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । उल्लेखित कानूनी व्यवस्थाले कर्जा फाइलमा आवश्यक कागजात भए नभएको, ऋणीले पेश गरेको धितोले माग गरेको कर्जाको थैलि खाम्ने नखाम्ने आदि विषयमा विवेचना गरी कर्जा प्रवाह गर्ने कानूनी कर्तव्य यी प्रतिबादीहरुको रहेको देखियो । माथि विवेचित आधार प्रमाणबाट देहायमा उल्लेखित तथ्यले यी प्रतिबादीहरुले देहाय बमोजिम आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालना गर्दा सार्वजनिक संस्थाको सम्पत्तिको बदनियत तथा लापरवाही गरी हिनामिना तथा हानि नोक्सानी गरेको कुरा पुष्टि भईरहेको अवस्थामा प्रतिवादीहरुलाई आरवपदावीवाट नै सफाई दिने गरी भएको फैसला कानून व्याख्याको रोहमा त्रुटीपूर्ण भई बदरभागी रहेको छ । वदर गरीपाउँ । प्रतिवादीमध्येका सुरज श्रेष्ठ र राजु पोखरेलको हकमा हेर्दा यी प्रतिबादीहरु Ganapati Consultancy Pvt. Ltd.का संचालक देखिन्छन् । साविक रोयल मर्चेन्ट बैंकिङ एण्ड फाईनान्स लि.को कर्जा निति, २०६७ को दफा १८ ले रु.१० लाख र सोभन्दा बढीको कर्जाको लागि वित्तीय संस्थाले नियुक्त गरेको मूल्यांकन कर्ताबाट धितो मूल्यांकन गरिने तथा मूल्यांकन कर्ताको काम, कर्तव्य र जिम्मेवारी वित्तीय संस्था र मूल्यांकनकर्ता बिच भएको सम्झौता अनुसार हुने व्यवस्था गरे अनुरुप Ganapati Consultancy Pvt. Ltd. र साविक रोयल मर्चेन्ट बैंकिङ एण्ड फाईनान्स लि.वीच भएको सम्झौता सन् २६ मे २०१३ मा दर्ता भएको र यी प्रतिबादीले हजुरको हार्डवियर पसलको धितोमा उल्लेख भएको कर्जाको धितोमा उल्लेख भएको मुकुन्द प्रसाद पराजुलीको नाउँको साविक जिल्ला झापा गौरादह-४ कित्ता नं. १९६ को ०१०१५ क्षेत्रफल, कित्ता नं. १८९ को ०४५१० क्षेत्रफल, कित्ता नं. १९४५ को ०६३७३.२९ क्षेत्रफल कित्ता नं. १५२ को ०-३-१० गरी जम्मा क्षेत्रफल ११८९८.२९ वर्गमिटर रहेको जग्गाको Preliminary Valuation Report मा Ganapati Consultancy का इन्जिनियर सुरज श्रेष्ठले Fair Market Value रु.३०१६५१७२.८६ र Distress Value रु.२७१४८६५५.५८।– रहेको भनी मिति ११ जुलाई २०१३ मा Valuation Report दिएको देखिएको देखन्छ भने सोही Ganapati Consultancy ईन्जिनियर राजु पोखरेलले Fair Market Value रु.२७९०९२३६.५२ र Distress Value

मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

					रु.२५११८३१२.८७ रहेको भनी मिति ११ जुलाई २०१३ मा Final Valuation Report मा उल्लेख हुन आएको छ । धितोमा रहेको जग्गाको पुनः मूल्याङ्कन गर्दा Sagar Engineering Consultancy Pvt. Ltd. का Valuator/ इन्जिनियर सागर बजगाईले धितोमा जिल्ला झापा गौरादह-४ कित्ता नं. १९६ को ०१०१५ क्षेत्रफल, कित्ता नं. १८९ को ०४५१० क्षेत्रफल, कित्ता नं. १९४५ को ०६३७३.२९ क्षेत्रफल कित्ता नं. १५२ को ०-३-१० गरी जम्मा क्षेत्रफल ११८९८.२९ वर्गमिटर रहेको जग्गाको Total Fair Market Value Rs. ४७४४१५५.३३/- र Net Value Rs ५२९५५९६.३७/- रहेको भनी मिति २५ सेप्टेम्वर २०१४ मा प्रतिवेदन दिएको देखिन्छ । नेपाल राष्ट्र बैक, बैक सुपरीवेक्षण विभाग, विशेष निरीक्षण इकाईको पत्र संख्या बै.सु.वि./बि.नि. ३६६/०७४/७५ मिति २०७४।११।०२ को पत्रसाथ संलग्न नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको विशेष स्थलगत निरीक्षण प्रतिबेदनको पृष्ठ १०१ र १०२ मा हजुरको हार्डवेयर पसलको कर्जाको कैफियतमा अधिक मूल्यांकन भएको भन्ने समेत उल्लेख भएको देखिन्छ । उल्लेखित तथ्यले यी प्रतिबादीहरु भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ को खण्ड (घ)(१) ले राष्ट्रसेवकको परिभाषा भित्र पर्ने व्यक्ति भएका र सार्वजिनक संस्था साविक रोयल मर्चेन्ट बैंकिङ एण्ड फाईनान्स लि. र निजवीच भएको सम्झौता अनुरुप धितोको मूल्यांकन गरी प्रतिबेदन दिने निजहरुको कर्तव्य भएकोमा निजहरुले धितोको मूल्यांकन गरी प्रतिबेदन दिँदा बदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई नभएको कुरा देखाई प्रतिबेदन दिएको कुरा पुष्टि भईरहेको अवस्थामा सो तर्फ अन्देखा गरी भएको विशेष अदालत काठमाण्डौंको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । प्रतिवादी मध्येका प्रदिप बहादुर कर्माचार्यको हकमा हेर्दा यी प्रतिवादी साविक रोयल मर्चेन्ट बैंकिङ एण्ड फाईनान्स लि.का सहायक महाप्रवन्धक देखिन्छन् । यी प्रतिबादीहरुले २०७०।०३।२८ मा व्यवस्थापन कर्जा समितिको तर्फबाट निवेदक हजुरको हार्डवेयर पसललाई रु.एक करोड नब्बे लाख कर्जा प्रदान गर्न स्वीकृतिको लागि संचालक समितिमा पेश गर्ने निर्णय गरेको देखिन्छ । जवकि रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.को संचालक समितिको मिति २०७०/३/२५ मा बसेको १९३औं बैठकले नै हजुरको हार्डवेयर प्रा.लि.लाई व्यापारीक कर्जा रु.१९,००,००,०००।–एक करोड नव्वे

मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

					लाख) स्वीकृत गर्ने निर्णय गरेको देखिन्छ ।त्यसैगरी प्रतिबादी मध्येका मुकुन्द प्रसाद पराजुली हजुरको हार्डवेयर पसलका सञ्चालक रहे भएको देखिन्छन् र यी प्रतिबादी समेतले अन्य प्रतिबादीहरु बसन्त मल्ल, मधुरलाल सिन्या, रितावादे श्रेष्ठ, भरतकाजी श्रेष्ठ, लोकेन्द्रमान कर्माचार्य, मधुवन लाल श्रेष्ठ र छविरमण अधिकारीको मत सल्लाहमा लागि धितोले नखाम्ने ऋणसमेत स्वीकृति गराई सार्वजनिक संस्थाको सम्पत्तिको बदनियत तथा लापरवाही गरी हिनामिना तथा हानि नोक्सानी गर्ने कार्यमा संलग्न भएको भन्ने देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी प्रतिवादीहरु प्रदिप बहादुर कर्माचार्य र मुकुन्द प्रसाद पराजुली समेतलाई आरोपदावीवाट नै सफाई दिने ठहर गरी भएको विशेष अदालतको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । उक्त ऋण असुलीको विषयमा ऋण असुली न्यायाधिकरणमा र यसै विषयमा वैकिङ्ग कसूर मुद्दा विशेष अदालतमा समेत दायर भएको देखिएको भनि यी प्रतिवादीहरुलाई प्रस्तुत भ्रष्टाचार मुद्दामा सफाई दिने ठहर गरी फैसला भएको देखिन्छ । एकै कसूर (Same offence) को अवधारणालाई केन्द्रविन्दु मानी दोहोरो खतराको अवस्था निक्यौंल गर्नुपर्ने हुन्छ। ICCPRको Article १४ को Sub Article (७) मा प्रयुक्त "for an offence for which he has already been finally committed or acquitted" वाक्यांशले सोही कसूरलाई नै केन्द्रविन्दु मानेको देखिँदा एकै कसूरको अर्थ "सोही कसूर जसमा सो व्यक्तिलाई पहिले नै सजाय वा सफाई" भएको भन्ने सीधा अर्थमा लिनु पर्ने देखिन्छ।भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कसूर मानिने कुनै कार्य अन्य कानून बमोजिम समेत कसूर मानिने रहेछ भने दुवै कानून बमोजिम अलग अलग मुद्दा चलाउन सकिने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को खण्ड (क) ले कानूनी व्यवस्था गरेको देखिन्छ। सरकारी ओहदा, सरकारी सम्पत्ति, तथा सार्वजनिक सेवाको दुरुपयोग गरी व्यक्तिगत लाभमा प्रयोग हुनबाट रोक्ने उद्देश्यले यस ऐनको तर्जुमा भएको देखिन्छ। भ्रष्टाचारको विषय अन्य कसूरको विषयसँग दोहोरिन सक्ने (Overlapping) अवस्था रहेकोले अन्य कानून अन्तर्गत कारवाही भइसकेको भन्ने आधारमा मात्र भ्रष्टाचारको कसूर उपचार शुन्य नहोस भन्ने उद्देश्यले उक्त खण्ड (क) को प्रावधान विधायिकाले राखेको देखिन्छ। भ्रष्टाचार निवारण ऐन अन्तर्गतको विधायिकी उद्देश्य प्राप्तिमा कार्यधिगत अवरोध नहोस अर्थात दोहोरो खतराको सिद्धान्त बाधक नबनोस भन्ने यस प्रावधानको आधारभूत उद्देश्य

मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

					रहेको देखिन्छ।यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट "एउटै तथ्यबाट एक भन्दा बढी कसूर हुन सक्दछन् । यसरी समग्र तथ्य तथा सम्बद्ध कानूनी व्यवस्था एवम् त्यसले प्रदान गर्ने उपचारको व्यवस्था समेतका आधारमा फरक फरक अवस्थालाई प्रतिनिधित्व गरेबाट भ्रष्टाचार मुद्दा र ठगी मुद्दालाई एउटै विषय मान्न नमिल्ने ।कसैले कानुनद्वारा निषेधित आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलग–अलग कानूनले अलग–अलग अपराध मान्दछ भने त्यसलाई एउटै कसूर मानेर एउटा मात्र कानुन अन्तर्गत कारवाही गर्नुपर्ने भनी सीमित तुल्याउन नमिल्ने ।" भनि (महेश चापागाई विरुद्ध नेपाल सरकार,ने.का.प. २०६९, अङ्क ८ निर्णय नं. ८८७४) प्रतिपादित सिद्दान्त तथा उक्त कानूनी ब्यवस्था विपरित हुने गरी यसै विषयमा अन्य निकायमा मुद्दा चलेको भन्ने आधारमा यी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण हुँदा वदरभागी छ ।